दर्ता नं. १११/०५३/५४

# श्री सल्यान कठेरी सामुदायिक वन उपभोक्ता समूह

**त्रिपुरासुन्दरी-५, कठेरी, धादिङ**

**स्थापित: २०५३**

पत्र संख्या :

च.नं. :

मिति : २०८३।०२।१३

---

## वन पैदावार (काठ) लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८३।०२।१३**

यस सल्यानकठेरी सामुदायिक वन उपभोक्ता समुह त्रिपुरासुन्दरी गा.पा वडा न ५, ले व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रबाट डिभिजन वन कार्यालय धादिङको च.न. १७४२ मिति २०८२।१२।१९ को संकलन सहमति लिई कटानमुछान भएका काठहरु व्यापारिक प्रयोजनका लागि डिभिजन वन कार्यालय धादिङको च.नं. २१५९ मिति २०८३।०२।१४ मा लिलाम विक्रीको सहमति लिएको तपसिल बमोजिमका वन पैदावार (काठ) हरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चसा उठाई लैजाने गरी शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ । वन पैदावारको कारोबार गर्ने उद्देश्यले मू.अ.कर वा स्थायी लेखा नं. मा दर्ता भई जुनसुकै डिभिजन वन कार्यालयहरूमा वन नियामावली २०७९ बमोजिम सूचीकृत भएका इच्छुक फर्म, स:मिल तथा उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र यस समूह वा डिभिजन वन कार्यालय धादिङबाट बोलपत्र फारम खरिद गरी २२ औं दिनको मध्यान्ह १२.०० बजे भित्र यस सल्यानकठेरी सामुदायिक वन उपभोक्ता समुह, त्रिपुरासुन्दरी गा.पा. वडा नं. ५ धादिङमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिल

१. वन पैदावारको विवरण

| सि.नं. | जात | उत्पादित | | | | | न्यूनतम मूल्य रु | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ग्रेड | गोलिया थान | काठ (क्यु) फि. | चिरान उत्पादन | | | | |
| | | | | | थान | परिमाण (क्यु.फि.) | | | |
| १ | साल | क | ४ | ५७४१ | | | | | |
| २ | साल | ख | ३४ | २९७३४ | | | | | |
| ३ | साल | ग | ६९ | २९१·८४ | ४४९ | ४७४·६३ | ८३०६०२·५ | १४२८६३·६३ | |
| ४ | साल | घ | ३१ | ५०·३४ | | | | | |
| | जम्मा | | १३८ | ६९७ | | | | | |

२. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय: २०८३।०३।०२ गते कार्यालय समय भित्र उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगतै कार्यालय खुलेको दिन ।

३. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय: २०८३।०३।०३ गते मध्यान्ह १२.०० बजेसम्म उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगतै कार्यालय खुलेको दिन ।

४. निर्धारित गरिएको न्यूनतम संख्याका र रित पूर्वक पर्न आएका बोलपत्रहरु सूचनामा तोकिएको मितिमा बोलपत्रदाताहरू समेतको रोहवरमा खोलिने छ तर बोलपत्रदाता उपस्थित नभएकै कारणबाट बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

५. बोलपत्र फारमको लागि रु एकलाख देखि दश लाखसम्म न्यूनतम मूल्यको लटका लागि रु १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको नाममा रहेको मुक्तिनाथ विकास बैंक, सल्यानटारको खाता नं. १९४१०२००८२६५१३०००००१ वा नगदी रसिदको सक्कलै भौचर संलग्न राखी यस सामुदायिक वन उपभोक्ता समूह तथा डिभिजन वन कार्यालय धादिङबाट खरिद तथा दाखिला गर्न सकिनेछ । बोलपत्र खरिद गर्नका लागि प्रोपाइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाइटरको मन्जुरीनामा निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. बोलपत्र साथ कबुल गरेको रकमको १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सा.व.उ.स.को मुक्तिनाथ विकास बैंक, सल्यानटारको खाता नं. ११४१०२००८२६५१३०००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर समावेश हुनुपर्नेछ ।

७. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयमा डिभिजन वन कार्यालय धादिङको कार्यालयमा सम्पर्क गरी घाटगद्दी स्थलमा हेर्न सकिने छ ।

८. लिलाममा भाग लिनका लागि वन पैदावार कारोबार गर्ने उद्देश्यले दर्ता भएका ईच्छुक संघ संस्था फर्म वा कम्पनीले उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र आ.व. २०८२।०८३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको अंक र अक्षर दुबैमा लेनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

१०. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्लाबेग्लै खरिद गर्नु पर्नेछ र बेग्ला बेग्लै दाखिला गर्नु पर्नेछ । खाम बाहिर प्रष्ट रूपमा लट नं. उल्लेख गरेको हुनुपर्नेछ ।

११. लिलाम स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा प्रकाशित गरिने छ । सो को जानकारी लिनु पर्ने दायित्व बोलपत्रदाताको हुनेछ । बोलपत्र स्वकृति भएको सूचना प्रकाशित भएको मितिले ४५ दिन भित्र सकार गरेको रकम निर्धारित मू.अ.कर अग्रिम आयकर तथा संकलन खर्च समेत बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्रमा उठाई लानुपर्नेछ ।

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अन्तिम निर्णय सल्यानकठेरी सामुदायिक वन उपभोक्ता समुह, त्रिपुरासुन्दरी ५ को हुनेछ । अन्य बिषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

दर्ता नं. १११/०५३/५४

# श्री सल्यान कठेरी सामुदायिक वन उपभोक्ता समूह

त्रिपुरासुन्दरी-५, कठेरी, धादिङ

स्थापित: २०५३

पत्र संख्या :

च.नं. :

मिति : २०८३।०२।१३

१३. वन पैदावार संकलन तथा बिक्री वितरण निर्देशिका २०७३ र वन नियमावली २०७९ मा उल्लेखित व्यवस्था पूर्ण रुपमा लागू हुनेछ ।

१४. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिनभित्र सकार गरेको रकम तथा संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानुपर्नेछ ।

१५. सूचना बमोजिम बोलपत्र पेश गरी सकेपछि सूचनाका शर्त सम्बन्धमा उठाइने कुनै विवाद स्वत: अमान्य हुनेछ ।

...........................

होम प्रसाद सिटौला

अध्यक्ष